जुनीचाँदे गाउँपालिकाको निर्णय

सम्वत २०७६ साल साउन २ गते विहिवारका दिन बसेको जुनीचाँदे गाउँपालिका गाउँ कार्यपालिकाको वैठकबाट भएका निर्णयहरुको मुख्य व्यहोरा देहाय बमोजिम छन् ।

१ आर्थिक वर्ष २०७६।०७७ को गाउँ सभाबाट विनियोजित कार्यक्रम तथा आयोजना कार्यान्वयनको सन्दर्भमा सम्पूर्ण सार्वजनिक निर्माणका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समिति, विभिन्न व्यवस्थापन समिति, सहकारी तथा लाभग्राही समूहबाटै कार्यान्वयन गराउने, जतिसुकै लागत अनुमान भएपनि भारी निर्माण सामाग्री समेत प्रयोग गरी निर्माण गर्ने तथा आर्थिक वर्ष २०७६।०७७ को जाजरकोट जिल्लाको दररेट प्रयोग गर्ने एवं आयोजना वा कार्यक्रममा तोकिएको वाहेक आयोजना व्यवस्थापन खर्च तीन प्रतिशत कायम गर्ने, श्रमदान अनुपात सडक, खानेपानी, भवन, सिचाई, सामाग्री खरिद क्रमश वीस, वीस, पन्ध्र, वीस र दश प्रतिशत कायम गर्ने।

२ गाडी मर्मत सम्झौताको म्याद थप गर्ने ।

३ लामातरा वलेपुज्ने सडक विस्तृत आयोजना प्रतिवेदन, बजेपुज्ने रामेला सडक विस्तृत आयोजना प्रतिवेदन र रामेला बुदिडाँडा सडक विस्तृत आयोजना प्रतिवेदनको कार्यान्वयनको हकमा एकै आयोजनाको रुपमा एकै प्रतिवेदनमा सवै सडक समावेश हुने गरी परामर्श सेवा लिने।

४ सेवा परामर्श खरिद गर्ने ।

५ लामातरा गर्खाकोट बुद्धिडाँडा सडक स्तरोन्नती तथा ट्रयाक खोल्ने कार्य गर्ने ।

६ अन्तर सरकारी वित्तीय हस्तान्तरण सशर्त अनुदान अन्तरगत केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम ३१२०११०५ अन्तरगतका कार्यक्रम प्रस्ताव आह्वान गरी छनौट गर्ने ।

७ कोष प्रमाणित गर्ने ।

८ जिल्ला प्रहरी कार्यालय जाजरकोटले पेश गरेको कार्यक्रमलाई स्वीकृत गर्ने ।

९ एक थान मोटर साइकल खरिद गर्ने ।

१० साविकको गाउँ विकास समितिमा थप एक जना पर्ने गरी एक गाउँ एक कृषि र भेटेनरी प्राविधिक व्यक्ति करार लिने ।

११ कृषि, शिक्षा, स्वास्थ्य, महिला विकास शाखा, कार्यालय तथा न्यायिक समितिको विस्तृत वार्षिक विकास कार्यक्रम लागत अनुमान स्वीकृत गर्ने।

१२ विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानबाट शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा निर्धारित स्पेशिफिकेशन ड्रोइङईग तथा डिजाईन प्रयोग नगरी गाउँपालिकाले आफ्नै डिजाइनमा क्रमागत रुपमा निर्माण गर्ने निर्णय गरियो।

१३ जुनीचाँदे गाउँपालिकाको नगर प्रहरी कार्यविधि सम्बन्धी २०७६ स्वीकृत गर्ने निर्णय गरियो र एक जना सहायक निरिक्षक र चार जना जवान को सहायक निरिक्षकको तलब रु २३००० र जवान को रु १८००० मासिक सुविधा प्रदान गर्ने।

१४ नरमरा लुहादह मावि कोर्ताङ जुनी जुम्ला सडकमा पहिरो आइ अवरोध भएकोले रु पाँच लाख विनियोजन गर्ने र तुरुन्त कार्यान्वयन गर्ने ।

१५ स्वास्थ्य चौकी कोर्ताङ्गमा समपुरक वापत रु १३,४९,१४०। मात्र आयोजना व्यवस्थापन खर्च शीर्षकबाट विनियोजन गरी तुरुन्त सञ्चितकोषबाट पेश्की र रनिङ उपलब्ध गराउने।

द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित शाखाबाट उपलब्ध हुनेछन ।